सेरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडुवाँडा प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

आज मिति २०७७ वैशाख ०७ गते यस सेरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यू हरूको उपस्थितिमा कार्यपालिकाको ६२ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरीयो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | |
| १३ | श्री जिवा सुनार | सदस्य | जिवा सुनार |
| १४ | श्री खिमा सुवेदी | सदस्य | खिमा |
| १५ | श्री अमर बहादुर घर्ती | सचिव | |
| अन्य उपस्थिति | | | |
| १. | टोप बहादुर शाही | लेखा शाखा प्रमुख | |
| २. | गोविन्द पोखरेल | का० स० | |
| ३. | बुद्धिराम शर्मा | की० स० | |

Scanned with CamScanner

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या - ६२

मितिः- २०७७/०१/०७

### बैठकका प्रस्तावहरु

१. दोश्रो चरणको राहत वितरण सम्बन्धमा ।

२. क्वारेन्टाईन व्यवस्थापन, महामारी रोकथाम, नियन्त्रण तथा उपचारको हाल सम्मको खर्च सम्बन्धमा।

३. धन्यवाद ज्ञापन सम्बन्धमा।

४. चालु आ.व. का विकास निर्माणका केहि आयोजनाहरु सञ्चालन गर्ने सम्बन्धमा।

५. विविध सम्बन्धमा।

### *बैठकका निर्णयहरुः*

*निर्णय नं. १.* प्रस्ताव नं.१ मा छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको नियन्त्रण, रोकथाम तथा उपचारको लागि देशव्यापी वन्दा वन्दी (लक डाउन) अवधि क्रमश बढिरहेको सन्दर्भमा उक्त लक डाउनबाट अति नै प्रभावित मजदुर, घरवार विहिन र अति विपन्न व्यक्तिहरुको अन्तिम लगत विवरण अनुसारको पहिलो चरणमा राहत नपाएर हाल खाद्य सामाग्रीको चरम अभावमा रहेका २६४ परिवारलाई दोश्रो चरणको राहत वितरण यस गाउँपालिकाका ६ वटै वडाका वडा समिति तथा वडा कार्यालय मार्फत तपशिल बमोजिमको वडागत विभाजनको आधारमा *असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, विपन्न तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड* -२०७६ मा निम्न बमोजिमको संशोधन हुने गरि थप राहत सामाग्री वितरण गर्ने निर्णय गरियो ।

दोश्रो चरणमा वितरण गरिने राहत सामाग्रीहरुः

१. चामल -२५ किलोग्राम ।
२. खाने तेल -१ लिटर ।
३. नुन -१ प्याकेट।

Scanned with CamScanner

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

तपशिलः

| क्र.स. | वडा नं. | राहत वितरण गरिने परिवार संख्या | कैफियत |
|---|---|---|---|
| १. | १ | ५० | |
| २. | २ | ३४ | |
| ३. | ३ | ५० | |
| ४. | ४ | ३० | |
| ५. | ५ | ५८ | |
| ६. | ६ | ४२ | |
| जम्मा | | २६४ | |

*निर्णय नं.* २. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको नियन्त्रण, रोकथाम तथा उपचारको लागि देशव्यापी वन्दा वन्दीको अवधि वढिरहेको, क्वारेन्टाईनमा रहने व्यक्तिहरुको संख्या दिनप्रतिदिन बढिरहेको सन्दर्भमा क्वारेन्टाईन शिविरहरु सञ्चालन तथा व्यवस्थापनमा हाल सम्म भएको खर्चको सम्बन्धमा आवश्यक छलफल गरियो साथै अबका क्वारेन्टाईन शिविरहरु सञ्चालन तथा व्यवस्थापनका खर्चहरु अझ व्यवस्थित, पारदर्शि, मितव्ययि र आवश्यकताको आधारमा मात्र गर्ने र उक्त खर्चलाई व्यवस्थित गर्न वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो।

*निर्णय नं.* ३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको नियन्त्रण, रोकथाम तथा उपचारको लागि देशव्यापी वन्दा वन्दी (लक डाउन) अवधि क्रमशः बढिरहेको र उक्त लक डाउनबाट अति नै प्रभावित मजदुर, घरवार विहिन र अति विपन्न व्यक्ति तथा परिवारहरुको लागि अति आवश्यक राहत सामाग्री वितरण भईरहेको तथा वडा स्तरमा क्वारेन्टाईन शिविरहरु सञ्चालन भईरहेको छ। समग्र गाउँपालिका तथा वडा कार्यालयहरु यो महामारी विरुद्ध लडिरहेको सन्दर्भमा यस विषम परिस्थितिमा पनि आर्थिक रुपले सहयोग, सहकार्य र समन्वय गर्ने तपशिलका मनका धनि संघ संस्थाहरुलाई यस गाउँपालिका परिवारको तर्फबाट पुनः सहकार्य र समन्वयको अपेक्षा सहित विशेष धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

तपसिलः

१. महिला सामुदायीक लघु वित्त वित्तिय संस्था, घोराही, दाङबाट रु. ३०,०००। (तीस हजार मात्र)
२. शिक्षक महासंघ सरुमारानी गाउँपालिका, प्यूठानबाट रु. १,६०,०००।को प्रतिवद्धता गरेको ।

*निर्णय नं.* ४. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको नियन्त्रण, रोकथाम तथा उपचारको लागि देशव्यापी वन्दा वन्दी (लक डाउन) अवधि क्रमशः बढिरहेको र जिल्ला अन्तरको आवागमनलाई कडाईका साथ बन्द गरिरहेको तथा विकास निर्माणका सम्पूर्ण कार्यहरु ठप्प रहेको

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

सन्दर्भमा चालु आ.व. २०७६/७७ का तपशिलका विकास निर्माणका केहि आयोजनाहरुलाई निश्चित सिमित संख्यामा स्थानीय मजदुरहरुको सहभागितामा सामाजिक दुरि कायम गरि, कुनै भिडभाँड नहुने गरि सञ्चालन गर्ने निर्णय गरियो।

*तपशिल:*

(क) हंसपुर वृहत खा.पा. आयोजनाको टेन्डर आव्हान गर्ने ।

(ख) रानीकुवा योग तथा शान्तिपार्कको योजना सञ्चालन ।

(ग) सौराकोट प्यालीमाटी खा.पा. आयोजना सञ्चालन ।

(घ) कालीवन खानेपानी योजना सञ्चालन ।

(ङ) ददेरी खानेपानी योजना सञ्चालन ।

(च) १४ नं. वडा कार्यालय मोटरवाटो कालोपत्रे ।

(छ) मैदान वर्नभिर सडक स्तरोन्नति ।

*निर्णय नं. ५(क).* सरुमारानी गाउँपालिका वडा नं. १ वाङ्गेसाल निवासी १८ वर्षिय धनि रावलको झुण्डिएर आत्महत्या भएको साथै सोहि टोल निवासी मंगले धामीको २ वर्षिय छोरा गौरव धामी र ५ वर्षिया छोरी श्रृजना धामी को अखाद्य पदार्थ खाएर भएको असामहिक निधनमा दुःख व्यक्त गर्दै उक्त दुईवटा घटनाको पोष्टमार्टम कार्यको लागी स्वास्थ्य कार्यालय खलंगा प्यूठान पठाईएको र मृतकका परियारहरु अति विपन्न वर्गका भएकोले उक्त दुईवटा घटनाको पोष्टमार्टम कार्यको यातायात खर्च प्रति परिवार रु. ९,०००।का दरले रु. १८०००। दुवै परिवारलाई उपलब्ध गराउने निर्णय गरियो।

*निर्णय नं. ५(ख).* सरुमारानि गाउँपालिकाको गाउँसभाबाट स्वीकृत आ.व. ०७६/७७ को वार्षिक वजेट तथा कार्यक्रममा आर्थिक विकास शिर्षकमा विनियोजित वडा नं. ५ को *कृषि प्रोत्साहन स्वरुप कार्यक्रम को रु. २०,०००।* लाई प्रकोप व्यवस्थापन कोष खातामा जम्मा गरि उक्त कोष खाताबाटै सोही वडाको कोरोना भाईरस रोकथाम तथा नियन्त्रण कार्यमा खर्च गर्ने निर्णय गरियो।

प्रमाणिकरण मिति - २०७६।०१।१५

०७६।०१।१५

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

भिम बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner